नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : २०८१।०८२

चलानी नं.: ६४

मितिः २०८१।०५।१७

विषयः समन्वय तथा सिफारिस सम्वन्धमा ।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च. नं. ९७१, मिति २०८१।०५।१७ को यस मन्त्रालयलाई प्राप्त समन्वय तथा सिफारिस गरिदिने सम्बन्धको पत्र संलग्न छ । सो सम्बन्धमा **प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र सञ्चालन सम्बन्धि कार्यविधि,** २०७८ तथा **प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड,** २०८१ अनुसार मिति २०८१।०५।२४ गते भित्र माग भए बमोजिमको विवरण देहायको इमेलमा पठाउनुहुन निर्णयानुसार अनुरोध छ ।

विवरण पठाउने इमेल ठेगानाः

talent.award@opmcm.gov.np

pmtalent@award81@gmail.com

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ।

श्री सूचना तथा प्रविधि शाखाः Website मा Upload तथा E-mail मार्फत जानकारी गराईदिनु हुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(सामाजिक तथा भौतिक पूर्वाधार विकास महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या: ०८१/०८२
चलानी नं.: ९७१

मिति: २०८१/०५/१७

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

विषय: समन्वय तथा सिफारिस

उपर्युक्त सम्बन्धमा प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार यस वर्ष असोज १ गते वितरण गरिने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु। उक्त पुरस्कार वितरणको लागि १० दिनको समय दिई मिति २०८१/०५/१४ गतेको गोरखापत्र र कान्तिपुर दैनिकमा सुचना प्रकाशन गरी निवेदन माग गरिएको छ। प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार कोष स्थापना र संचालन सम्बन्धी कार्यविधि, २०७८ तथा प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार वा अनुदान सहयोग रकम वितरण मापदण्ड, २०८१ बमोजिम मुलुकमा शान्ति सुशासन, नवप्रवर्तन, वैज्ञानिक खोज, अनुसन्धान तथा अन्वेषणको क्षेत्रमा उल्लेख्य योगदान पुर्याउने प्रतिभाशाली बालबालिका, युवा तथा अन्य व्यक्तिहरु मध्येबाट उत्कृष्टहरुलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रत्येक स्थानीय तहबाट पुरस्कार वा अनुदान उपलब्ध गराउन २/२ जनाको नाम सिफारिस गरी मिति २०८१/०५/२४ गते भित्र यस कार्यालयको देहायको इमेलमा पठाई दिने कार्यको लागि समन्वय गरिदिनुहुन निर्णयानुसार अनुरोध छ। साथै कार्यविधि, मापदण्ड तथा सुचना प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको वेभसाईट:www.opmcm.gov.np मा रहेको व्यहोरा समेत अनुरोध छ।

सिफारिस पेस गर्ने ठेगाना

Email: talent.award@opmcm.gov.np वा pmtalent.award81@gmail.com

२०८१/०५/१७

(मुक्तिराम अर्याल)
उपसचिव